खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ पुस ३० गते बुधबार (Wednesday 14 Jan 2026) | www.khabarnagarik.com

# सेवामा लुम्बिनी प्रदेशकै दोस्रो अस्पताल भीम

## अस्पतालले लगातार सेवा बढाउदै सन २०२२ मा ८८ प्रतिशत, २०२३ मा ९०, २०२४ मा ९४ र २०२५ मा ९५ प्रतिशत प्रगती हासिल गरेको छ।




**खबर नागरिक**

भैरहवा।

भीम अस्पतालले न्युनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा ९५ अंक प्राप्त गरेको छ। सिमित जनशक्ति र पूर्वाधारका वावजुत बिरामीलाई प्रदान गर्ने गरेको उपचार सेवा र अस्पताल संचालनको व्यवस्थापन उत्कृष्ट रहेको छ। लुम्बिनी प्रदेशका जिल्ला अस्पतालहरु मध्ये स्वास्थ्य मापदण्डमा ९६ अंक सहित बर्दिया अस्पताल प्रथम र यो अस्पताल दोस्रो भएको हो।

बिगत केही बर्षदेखि भीम अस्पतालले आफ्ना सेवालाई प्रभावकारी र सुधार गर्दै प्रदेश निर्देशनालयको यो मूल्यांकनमा बर्षेनि प्राप्तांक अंक बढाएको छ। सन २०२२ सालमा ८८ नम्बर पाएको अस्पतालले सेवालाई बढाउदै सूचकहरु वर्षेनी पार गर्दै २०२३ मा ९० अंक प्राप्त गरेको थियो। गत वर्ष ९४ अंक र अहिले १ अंक थप गर्दै ९५ अंक प्राप्त गरी अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती भएको छ। लुम्बिनी प्रदेश मातहत आएपछि अस्पतालले सेवा प्रवाह र शुसासनमा उल्लेख्य सुधार गरेको छ।

न्युनतम मापदण्ड सेवा मूल्यांकनका संयोजक समेत रहेका कपिलवस्तु अस्पतालका प्रमुख तथा अनुगमन समितिका संयोजक डा. किशोर बन्जाडेले अस्पातल सेवा दिनका लागि कत्तिको तयार छ भनि पनि सूचकको आधारमा मापन गरिन्छ। सूचकका कुराहरु भएमा मात्रै सहज रुपमा सेवा दिन सकिने भएकोले नै प्रदेश सरकारले यो मापनको सुरुवात गरेको हो यो प्रत्येक वर्ष प्रत्येक अस्पतालको हुने गर्छ र भीम अस्पताले आफ्नो सेवा अब्बल बनाउदै प्रदेशकै दोस्रो स्थान हासिल गर्न सफल भएको छ।'यसले अस्पताल कति सक्षम छ भन्ने पनि देखाउछ, सुचक अनुसार अझै पनि केही कमि कमजोरी छन त्यसलाई सुधार गर्दै सेवालाई अझ चुस्त बनाएर आगामी दिनमा अझै उत्कृष्ट बन्नुपर्छ।

मूल्याकन टोलीले ९ सय ३९ वटा सुचकलाई आधार मानेर भीम अस्पतालको स्थलगत मूल्यांकन गर्दा सन् २०२५ मा यो ९५ अंक प्राप्त गरेको हो। संयोजक सहितको अनुगमन टोलीले स्थलगत अनुगमन पछि न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको नतिजा सार्वजनिक गरेका डा. अच्युत न्यौपानेले भने। समितिले गरेको मूल्यांकनमा भीम अस्पतालमा सिटी स्क्यान, एनआईसीयू, नेत्रसेवा, छालारोग र नाका, कान, घाँटी सेवा न्युनतम सेवा मापदण्डले गरेको परिकल्पना भन्दा पनि माथि रहेर बिशेषज्ञ सेवा उपलब्ध गराएको छ। यस्तै केही सेवामा घटोत्तरी पनि भएकोले समग्रमा गत वर्ष भन्दा ८ अंक थपिए प्रतिशतमा १ प्रतिशत बढेको हो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट वर्षा थापाले पछिल्ला दिनमा अस्पतालमा बिशेषज्ञ चिकित्सकको सेवा उपलब्ध हुन थालेपछि उपचार सेवा थप प्रभावकारी हुँदै गएको बताइन। सिमित जनशक्तिका वीच अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्नमा चुनौती पनि छ, अस्पतालमा अपुग जनशक्ति व्यवस्थापन गर्दै सेवालाई अझै प्रभावकारी बनाउदै लैजानु पर्ने बताइन।

अस्पताल विकास समितिका अध्यक्ष डा.अनन्तकुमार शर्माले सबैको प्रयासले यो सफलता हासिल गरिएको जनाए। अझै पनि थप सेवा दिनका लागि हामी लागीपरेका छौ, यस पछिका अस्पतालमा भएका विकासको तुलनामा भिम पछि परेपनि सबैको साथ भए यस्को विकास हुने बताए।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले स्थानीय सरकारले पनि अस्पतालको अपनत्व लिएर अगाडि बढेको छ , अस्पताल अहिले उत्कृष्टतातर्फ अघि बढीरहेको जनाए। धेरै राम्रो अभ्यास अहिले अस्पतालले गरेतापनि फोहोर मैला व्यवस्थापन, सरसफाई र हरियालीमा ध्यान दिनुपर्ने आवश्यकता रहेको बताए। स्थानीय बुझेको मेसु पाएकोले सबैले सहयोग र समन्वय गरी अझै विकासमा लाग्नु पर्ने बताए।

अस्पतालका व्यवस्थापक सुरेन्द्र अधिकारील भैरहवा क्षेत्रको सबै भन्दा पुरानो र सरकारी अस्पतालको रुपमा रहेको अस्पताल ५० शैय्याको सूचिकृत रहेपनि १ सय ७ शैय्याबाट सेवा दिदै आएको बताए। अस्पतालको सेवाहरु विस्तार हुदै जादा स्वास्थ्य सेवा लिनेको संख्यामा स्वत: बढोत्तरी भएको छ ।

